अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	बलदेव चौधरी, किरण कुमार कार्की गुरु प्रसाद ढकाल र राजेश वछार मु.नं (०८०-CR-००४१) फैसला मिति २०८१/०१/१०	राजश्व चुहावट गरी भ्रष्टाचार गरेको ।	• प्रतिवादीहरु बलदेव चौधरी, किरण कुमार कार्की र गुरु प्रसाद ढकाल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) को कसुरमा बिगो रकम जम्मा रू.८१,३५,३८२।१६ कायम गरी सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम सो ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ७ बमोजिम चुहावट भए/गरेको राजस्व रकम रू.८१,३५,३८२.१६ को दोब्बर रकम जरिवाना हुन मागदाबी लिएको । • प्रतिवादी राजेश वछारले बदनियतपूर्वक उक्त सम्झौतामा उल्लेख नभएको माटो समेत उत्खनन विक्री गरी कर सहित रु.१८,४४,१७७।९४ राजस्व चुहावट गर्ने कार्यको सुविधा प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ को कसूर गरेकोले उक्त कसूरमा निज प्रतिवादीलाई रु.१८,४४,१७७।९४ विगो कायम गरी उक्त दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुसार मुख्य प्रतिवादीलाई सरह उक्त ऐनको दफा ३	• संविधान कानूनले दिएको अधिकार अनुरुप प्राकृतिक वस्तुको विक्री तथा निकासी सम्बन्धी अधिकार गाउँपालिका तथा नगरपालिकामा निहित रहेको देखिएकोमा केवल बढी परिमाणको नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्न सकिने अवस्थामा कम परिमाणको नदीजन्य पदार्थ उत्खनन् बिक्री गर्ने गरी बोलपत्र आह्वान गरी कम परिमाणको घटी मूल्यमा सम्झौता गरेको भन्ने आधारमा उत्खनन् नै नगरी बिक्री नगरिएको नदीजन्य पदार्थको हुने राजस्व चुहावट गरेको भन्ने विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ७ को खण्ड (ख) को व्यवस्था आकर्षित हुने नदेखिएकोले अभियोग दावी पुग्न सक्ने देखिएन । • बोलपत्रमा उल्लेख नभएको र सम्झौता नै नगरिएको १२६३७ घनमिटर माटो भरौटे र बलौटे गैरकानुनी ढंगले उत्खनन् गरी बिक्री गरेको भन्ने आरोप सम्बन्धमा हेर्दा, सम्झौताको अनुसूची तथा रसिदमा उल्लेखित दररेट अनुसार कबोल गरेको रकममा नबढ्ने गरी माटो बिक्री गरेको हुँदा राजस्व चुहावट नभएको भन्ने प्रतिवादीको जिकिर रहेको र बोलपत्रमा माटोको सम्बन्धमा उल्लेख नभए पनि माटो समेतको राजस्व दाखिला भएको अवस्थामा उक्त परिमाणको माटोको राजस्व चुहावट भएको देखिन नआएकोले भन्ने आधारमा यी प्रतिवादीहरुले आरोपदावीको कसूरबाट सफाई पाउने ठहर गरी विशेष अदालतबाट फैसला भएको छ ।	• प्रस्तुत मुद्दामा जिल्ला उदयपुर त्रियुगा नगरपालिकाका अन्तरगत बरुवा खोला, त्रियुगा खोला र सुनकोशी नदीको नदिजन्य पदार्थ उत्खनन तथा विक्री सम्वन्धमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE) अनुसार ९८२८५.४२५ घनमिटर नदिजन्य पदार्थ मध्ये अवरमा नगर कार्यक्रमको लागि १०,००० घनमिटर मौज्दात राखी त्रियुगा, बरुवा र सुनकोसी नदीबाट ढुङगा जम्मा १९,८७१ घ.मि., ग्राभेल जम्मा २१,५०२ घ.मि. र बालुवा ४६,९१४ घ.मि. गरी जम्मा ८८,२८७ घ.मि. उत्खनन् र बिक्री गर्न ठेक्का प्रक्रिया अघि बढाएको र तत्कालिन प्रदेश आर्थिक ऐन २०७८ को दफा ६ संग संम्बन्धित अनुसुची -४ बमोजिम प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्क अन्तरगत ढुङगा, गिटि, ग्रावेल, चट्टान, स्लेटको प्रति क्यु.फिट रु.६।-, बालुवा, चिप्स बापतको प्रति क्यु.फिट रु.४।७५ र माटो (भरौट र बलौट)को प्रति क्यु.फिट रु.३।- कायम भएको पाईएकोमा उक्त ऐन बमोजिम जम्मा ८८,२८७ घ.मी. नदीजन्य पदार्थको लागि मू.अ.कर सहित जम्मा रकम १,८७,९८,७१५।२२ हुनुपर्ने देखिन्छ । • मिसिल संलग्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE), त्रियुगा नगरपालिका राजश्व परामर्स समितिको निर्णय, त्रियुगा नगरपालिका नगर कार्यपालिकाको वैठकको निर्णय, त्रियुगा नगरपालिका कार्यालय र निश्चल ट्रेडर्स हेटौडा बिच बरुवा खोला, त्रियुगा खोला र सुनकोशी नदीबाट आ.वं २०७८/०७९ मा नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री गर्ने सम्वन्धमा भएको ठेक्का संझौता, ठेकदारले प्रयोग गरेका सक्कल रसिद (अर्धकट्टी समेत), त्रियुगा नगरपालिकाका तत्कालिन नगर प्रमुख बलदेव चौधरी समेतका जनप्रतिनिधीहरु, नगरपालिकाका कर्मचारीहरुसमेतले गरिदिएको बयान कागज, समेतका कागजातहरुको आधार-प्रमाणबाट त्रियुगा नगरपालिका अन्तर्गतको बरुवा खोला, त्रियुगा खोला र सुनकोशी नदीबाट आ.वं २०७८/०७९ मा नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री ठेक्का संझौता अनुसारको जम्मा ८८,२८७ घ.मि. नदिजन्य पदार्थको प्रदेश आर्थिक ऐन २०७८ को दफा ६ संग संम्वन्धित अनुसुची -४ बमोजिम तोकिएको दररेट अनुसार न्यूनतम मु.अ.कर सहितको १,८७,९८,७१५।२२ मूल्य कायम गरी ठेक्का आव्हान गर्नु पर्नेमा रु. १,२५,००,०००।- मा ठेक्का सम्झौता गरी नगरपालिकाको रु.६२,९१,२०४।२२ राजस्व चुहावट गरेको गरेको निर्विवाद रुपमा पुष्टि भएको छ । प्रदेश सरकार द्वारा तोकिएको दररेट भन्दा घटी दररेटमा ठेक्का सम्झौता गरी राज्यलाई प्राप्त हुने राजश्व रकममा नोक्सानी पुऱ्याउने र ठेकेदारलाई फाईदा हुने गरी कार्य गर्नु भ्रष्टाचारको एक स्पष्ट स्वरुप हो । यस्तो कसूरजन्य कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ७ को खण्ड (क) र (ख) मा स्पष्ट कसूरजन्य कार्य भनि उल्लेख गरेको पाईन्छ । तोकिएको दररेट भन्दा कम दररेटमा ठेक्का सम्झौता गरी राजश्व हिनामिना गर्ने कार्यलाई भ्रष्टाचार विरुद्दको सारवान कानूनले कसूरजन्य कार्य भनि स्पष्ट परिभाषा गरेको र कोशी प्रदेश सरकारद्वारा आ व ०७८/०७९ का लागि माथि सि नं (क) मा उल्लेख भए अनुसार नदिजन्य पदार्थको उत्खनन् तथा विक्रीको लागी स्पष्ट दररेट तोकी सो मा नघट्ने गरी ठेक्का सम्झौता गर्ने गरी सो प्रदेश अन्तर्गतका सम्पूर्ण जिल्लाहरुमा निर्णयको सुचना उपलब्ध गराएको देखिँदा देखिँदै सो को विपरित गरी उदयपुर जिल्लाको त्रियुगा नगरपालिकाका नगर प्रमुख, प्रशासकिय अधिकृत समेतका यी प्रतिवादीहरुले आफुखुसी दररेट तोकी ठेक्का सम्झौता गरी राज्यलाई नोक्सानी र ठेकेदारलाई फाईदा पुऱ्याउने कार्य गरेको तथ्य मिशिल संलग्न उक्त दररेट उल्लेख भएको कागजात, ठेक्का सम्झौता समेतबाट पुष्टि भईरहेको अवस्थामा उक्त प्रमाण कागजको विश्लेषण नगरी केवल सफाई दिनकै लागि मुद्दाको तथ्य भन्दा वाहिर गई आत्मगत रुपमा व्याख्या गरी "नदीजन्य पदार्थ उत्खनन् बिक्री गर्न सक्ने अधिकार स्थानीय तहलाई रहेको र उत्खनन नै नगरिएको नदिजन्य पदार्थको राजश्व असूल नगरेको भन्ने आरोप दावी रहेको" भन्ने गलत तथ्य र आधार उल्लेख गरी आरोप दावी नपुग्ने भनि भएको प्रस्तुत फैसला उक्त तथ्य प्रमाण मूल्याँकनको रोहमा त्रुटिपूर्ण छ । • नगरपालिका र ठेकदार विच भएको उक्त नदिजन्य पदार्थ उत्खनन् विक्री सम्झौतामा "माटो भरौटे र बलौटे" उत्खनन् तथा विक्री गर्ने भन्ने सम्वन्धमा कुनै सम्झौता नै भएको छैन ।उक्त सम्झौता विपरित उक्त नदी क्षेत्रबाट अनाधिकृत रुपमा १५४०४.५० घन मिटर माटो भरौटे र बलौटे गैरकानुनी उत्खनन् र बिक्री गरेको मिसिल संलग्न रसिद तथा

			को उपदफा (१) को खण्ड (च) बमोजिम कैद सजाय गरी चुहावट भएको राजस्वको दोब्बर रकम असूल उपर हुन माग दावी लिएकोमा **प्रतिवादीहरुलाई सफाई दिने** ठहर गरी फैसला भएको ।		नगरपालिकाको पत्र तथा स्वयं प्रतिवादीहरुको वयान समेत बाट पुष्टि भएको छ ।मिसिल संलग्न ठेकेदार पक्षले ईन्ट्री गराई लगेका (रसिद सि.नं ०१-३०००० सम्म भएको) ३०० थान रसिद ठेलीको विवरण अनुसार प्रयोग नभएको रसिद(ठेली) थान ४१ रहेको। प्रयोगमा आएका रसिद(ठेली) थान २५९ मध्येको बिबरण अनुसार ढुङगा, गिटी, ग्रावेल र रोडा जम्मा ३३,५०५ घ.मि., तथा वालुवा र चिप्स २५,४९१ घ.मि.उत्खनन/बिक्री भएको भनी उल्लेख भएको। बिभिन्न रसिद नं. भएका ठेलीहरुमा भएको बिबरण अनुसार १२,६३७ घनमिटर बोलपत्र आह्वान/ठेक्का सम्झौता नै नभएको माटो भरौटे र बलौटे नदीजन्य पदार्थ अवैध उत्खनन, संकलन र बिक्री बितरण भए/गरेको निर्विवाद रुपमा पुष्टि भएको छ। ठेक्का नै नलागेको १२६३७ घनमिटर माटो उत्खनन/बिक्रीको प्रदेश आर्थिक ऐन २०७८ को दफा ६ संग सम्बन्धित अनुसुची -४ बमोजिम तोकिएको दररेट अनुसार अनुसार न्यूनतम रू.१५,१२,८६१/६५ राजश्व रकम हिनामिना भएको निर्विवाद रुपमा पुष्टि भई यी प्रतिवादीहरुले उक्त नदिजन्य पदार्थ उत्खनन विक्री ठेक्का सम्झौता गर्दा तोकिएको परिमाण ८८,२८७ घ.मि. मा रु.६२,९१,२०४।२२ कम मूल्य कायम गरी राजस्व चुहावट गरेको र सम्झौता नै नगरिएको १२६३७ घन मिटर माटो भरौटे र बलौटे गैरकानुनी उत्खनन् र बिक्रीबाट रु.१८,४४,१७७।९४ थप राजस्व चुहावट गरी जम्मा रू.८१,३५,३८२।१६ राजस्व चुहावट गरी यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरुले आरोप दावी बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टी भएको अवस्थामा यी प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा **सफाई दिने** गरी भएको फैसला त्रुटिपूर्ण देखिएकोले प्रस्तुत फैसला उपर पुनरावेदन गर्ने।